# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, जेठ १५ गते, २०८३ साल (अतिरिक्ताङ्क १५(च)


## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर १५**

**<u>अन्तःशुल्क (अट्ठाइसौं संशोधन) नियमावली, २०८३</u>**

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "अन्तःशुल्क (अट्ठाइसौं संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>अन्तःशुल्क नियमावली, २०५९ को नियम ६ मा संशोधन</u>** : अन्तःशुल्क नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को उपनियम (१) मा रहेका "वाइन, साईडर" भन्ने शब्दहरुको सट्टा" वाइन, साईडर, मदिरा मिश्रित तयारी पेय" भन्ने शब्दहरू राखी सोही उपनियमको अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर विभागले निष्कासन गर्नु पूर्व अन्तःशुल्क राजस्व दाखिला गरी निष्कासन फाराम स्वीकृत गराई निष्कासन गर्ने जोखिममा आधारित छनौटपूर्ण निष्कासन नियन्त्रण विधि तोक्न सक्नेछ।"

३. **<u>मूल नियमावलीको नियम १६ मा संशोधन</u>** : मूल नियमावलीको नियम १६ को,-

(१) उपनियम (२) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर,

(क) निकासी प्रयोजनका लागि इजाजतपत्रवालाको माग बमोजिम विभागले अन्य यु.पी. शक्ति र साइजमा समेत उत्पादन र बोतलबन्दीको अनुमति दिन सक्नेछ।

(ख) पैठारी प्रयोजनका लागि उपनियम (२) मा उल्लिखित यु.पी. शक्तिको तल्लो र माथिल्लो सीमाभन्दा एक प्रतिशतसम्म अल्कोहल शक्ति फरक पर्ने गरी मदिरा आयात गर्न बाधा पर्ने छैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (३) मा रहेका "३०० मिली लिटर" भन्ने शब्दहरू पछि " र ७५० मिली लिटर" भन्ने शब्दहरू थपिएका छन्।

(३) उपनियम (५) झिकिएको छ।

४. **मूल नियमावलीको नियम २३ मा संशोधन** : मूल नियमावलीको नियम २३ को उपनियम (१क) मा रहेका "तीन वर्ष" भन्ने शब्दहरूको सट्टा "दुई वर्ष" भन्ने शब्दहरू र "तीन प्रतिशत" भन्ने शब्दहरूको सट्टा "पाँच प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

५. **मूल नियमावलीको नियम २३ग. मा संशोधन** : मूल नियमावलीको नियम २३ग. को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपनियम बमोजिमको अवधिभित्र निवेदन दिन नसक्नुको मनासिब आधार र कारण खुलाई कार्यालय मार्फत विभागमा निवेदन प्राप्त हुन आएमा विभागले उपनियम (२) बमोजिमको समितिबाट छानबिन तथा सोही समितिको रोहबरमा नष्ट गर्न सक्ने गरी स्वीकृति दिन सक्नेछ।"

६. **मूल नियमावलीमा नियम २३घ. थप** : मूल नियमावलीको नियम २३ग. पछि देहायको नियम २३घ. थपिएको छ :-

"२३घ. **प्रयोग गर्न अयोग्य वस्तु नष्ट गर्ने** : मान्यता प्राप्त प्रयोगशालाबाट प्रयोग गर्न अयोग्य प्रमाणित भएका अन्तःशुल्कजन्य वस्तुका कच्चा पदार्थ र अर्ध तयारी अवस्थाका वस्तु नियम २३ग. को उपनियम (२)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको समितिको रोहवरमा नष्ट गर्न विभागले स्वीकृति दिन सक्नेछ।"

७. **मूल नियमावलीको नियम २५क. मा संशोधन** : मूल नियमावलीको नियम २५क. को उपनियम (२) मा रहेका "कम्तीमा दुई प्रतिशत पेट्रोल" भन्ने शब्दहरूको सट्टा "कम्तीमा दुई प्रतिशत इथानोल" भन्ने शब्दहरू राखिएका छन्।

८. **मूल नियमावलीको नियम २९ग. मा संशोधन** : मूल नियमावलीको नियम २९ग. को नियम शीर्षक पछि रहेको "(१)" भन्ने अङ्क झिकी सोही नियमको उपनियम (२) झिकिएको छ।

९. **मूल नियमावलीको नियम ३० मा संशोधन** : मूल नियमावलीको नियम ३० को,-

(१) उपनियम (२) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर,

(क) माइक्रो ब्रुअरीबाट ब्रुअरी परिसरभित्र बिक्री वितरण गर्ने प्रयोजनका लागि पिचर तथा ग्रोवलरमा बोतलबन्दी गर्दा अन्तःशुल्क टिकट टाँस गर्नु पर्ने छैन।

(ख) माइक्रो ब्रुअरीबाट उत्पादित बियर परिसर बाहिर निकाल्न तथा बिक्री वितरण गर्न पाइने छैन।"

(२) उपनियम (३) मा रहेका "वा करदाता सेवा कार्यालय" भन्ने शब्दहरू झिकिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. **<u>मूल नियमावलीको नियम ३०क. मा संशोधन</u>** : मूल नियमावलीको नियम ३०क. को ठाउँ ठाउँमा रहेका "वा करदाता सेवा कार्यालय" भन्ने शब्दहरू झिकिएका छन्।

११. **<u>मूल नियमावलीको नियम ३३ मा संशोधन</u>** : मूल नियमावलीको नियम ३३ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) अन्तःशुल्क लाग्ने उत्पादनस्थलभित्र रहेका वस्तु अन्तःशुल्क अधिकृतको पूर्ण रेखदेखमा रहनेछ। अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीको इजाजत बेगर कुनै पनि अन्तःशुल्क लाग्ने वस्तु सम्बन्धी कच्चा पदार्थ, अर्धतयारी पदार्थ वा तयारी पदार्थ उत्पादनस्थल बाहिर लैजान हुँदैन। स्वयम् निष्कासन प्रणाली अन्तर्गत निष्कासन हुने वस्तुको हकमा इजाजतपत्रवालाको आधिकारिक कर्मचारीले खाता तथा विवरण प्रमाणित गरी राख्नु पर्नेछ।

तर सुर्तीजन्य तथा निकोटिनयुक्त वस्तुका हकमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीबाट खाता तथा विवरण जाँची प्रमाणित गराई राख्नु पर्नेछ।"

१२. **<u>मूल नियमावलीको नियम ३४ मा संशोधन</u>** : मूल नियमावलीको नियम ३४ को,-

(१) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ :-

"(४) ताजा फलफूलबाट वाइन उत्पादन गर्ने इजाजतपत्रवालाले प्रत्येक महिनाको उत्पादन प्रक्रियामा प्रति किलो फलफूलबाट १२ प्रतिशत अल्कोहलको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मात्रा भएको ७५० मिली लिटर वाइनका दरले सोही अनुपातमा वाइन उत्पादन गर्नु पर्नेछ।

तर किसमिस लगायतका सुख्खा फलफूल प्रयोग गरी वाइन उत्पादन गर्ने इजाजतपत्रवालाले प्रति किलो सुख्खा फलफूलबाट १२ प्रतिशत अल्कोहल भएको २.५ लिटर वाइनका दरले सोही अनुपातमा वाइन उत्पादन गर्नु पर्नेछ। ग्रेप जुस कन्सन्ट्रेट वा फ्रुट जुस कन्सन्ट्रेट प्रयोग गरी वाइन उत्पादन गर्ने इजाजतपत्रवालाले एक लिटर कन्सन्ट्रेट प्रयोग गरी १२ प्रतिशत अल्कोहल भएको ४ लिटर वाइनका दरले सोही अनुपातमा वाइन उत्पादन गर्नु पर्नेछ।"

(२) उपनियम (४) पछि देहायको उपनियम (४क) थपिएको छ :-

"(४क) माइक्रो ब्रुअरीबाट उत्पादन हुने वियरका हकमा प्रति हजार लिटर जडित क्षमताबाट ९०० लिटर वियरका दरले सोही अनुपातमा उत्पादन गर्नु पर्नेछ।"

**१३.** **रुपान्तर** : मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "सुर्तीजन्य वस्तु" वा "सुर्तीजन्य पदार्थ" भन्ने शब्दहरूको सट्टा "सुर्तीजन्य तथा निकोटिनयुक्त वस्तु" भन्ने शब्दहरू राखी रुपान्तर गरिएको छ।

**१४.** **मूल नियमावलीको अनुसुचीमा संशोधन** : मूल नियमावलीको,-

(१) अनुसुची-२ को,-

(क) क्रमसङ्ख्या १ को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| (ख१) | बियर उत्पादन गर्ने माइक्रो ब्रुअरीको लागि | रु. १२,५०,०००।- | रु. १,२५,०००।- |

(ख) क्रमसङ्ख्या ६ पछि देहायको क्रमसंङ्ख्या ७ थपिएको छ :-

| | | | |
|---|---|---|---|
| ७. | स्प्रिट मेचुरेसन इजाजतपत्र शुल्क (इजाजतपत्र प्राप्त प्रतिष्ठान परिसर बाहेक अन्य स्थानमा मेचुरेसन गर्ने प्रयोजनको लागि मात्र | रु. २,५०,०००।- | रु. १,००,०००।- |

(२) अनुसूची-१२ को सट्टा देहायको अनुसूची-१२ राखिएको छ :-

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## "अनुसूची-१२

(नियम २५ सँग सम्बन्धित)

**<u>सख्खर खुदोको दैनिक हिसाब</u>**

इजाजतपत्रवालाको नाम र ठेगाना :-

मौसम................ महिना ........... इजाजतपत्र नं. ...........

स्थायी लेखा नम्बर .........................

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्पादनतर्फ | | | | | | बिक्री तर्फ | | | स्टील टैंक वा पिटमा रहेको तरल/अर्ध तरल गुँड | | | | | | कैफियत |
| मिति | अघिल्लो बाँकी मौज्दात | | उत्पादन परिमाण | | जम्मा मौज्दात | | बिक्री परिमाण | | बाँकी मौज्दात | अघिल्लो बाँकी मौज्दात (के.जी.) | | उत्पादन भई थप भएको परिमाण (के.जी.) | जम्मा मौज्दात (के.जी.) | बिक्री परिमाण (के.जी.) | बाँकी मौज्दात (के.जी.) | |
| | बोरा वा चक्की | वजन (के.जी.) | बोरा वा चक्की | वजन (के.जी.) | बोरा वा चक्की | वजन (के.जी.) | बोरा वा चक्की | वजन (के.जी.) | बोरा वा चक्की | | | | | | | |

खरिदकर्ताको नाम, ठेगाना र स्थायी लेखा नम्बर –

१

२"

**आज्ञाले,**

**डा. घनश्याम उपाध्याय**

**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।